




# प्रतिदिन

राष्ट्रिय दैनिक

PRATIDIN NATIONAL DAILY



**धुम्रपान नगरौं, स्वस्थ्य जीवन बाँचौं**

➢धुम्रपानले मुटु, दम, श्वासप्रश्वास, क्यान्सरलगायतका दीर्घकालिन रोग लाग्न सक्छ।
➢आफू, परिवार तथा समाजका अन्य व्यक्तिलाई धुम्रपानको कुलतमा फस्न नदिऔं।
➢कुलतमा रहेकाले धुम्रपान त्याग्ने प्रण गरौं।
➢धुम्रपान गर्नेहरुको संगतबाट टाढा रहौं।
➢धुम्रपानले तपाई र परिवार सबैलाई असर पुऱ्याउँछ।
त्यसैले,
धुम्रपान नगरौं स्वस्थ्य जीवन बाँचौं।

नेपाल सरकार
विज्ञापन बोर्ड



वर्ष–१४ ।। अङ्क : २२६ ॥ २०७९ असोज १२ गते बुधबार (28th Sep 2022 Wednesday) **Pratidin** National Daily dNo-?:%÷-


# फोहोरमैलामा राजनीति नगर्न आग्रह



झापा, असोज ११ । झापामा फोहोरमैलाको समस्या जटिल बन्दै गएकाले कसैलाई पनि फोहोरमैलामा राजनीति नगर्न कन्काईमा आयोजित कार्यक्रमका सहभागीहरुले आग्रह गरेका छन् । 'वातावरण संरक्षणका लागि हाम्रो प्रयास, नविकरणीय ऊर्जाबाट घर-घरमा ग्यास भन्ने मुल नाराका साथ कन्काई २ मा निर्माण भइरहेको कनकाई बिर्ता अर्जुन नविकरणीय ऊर्जा तथा फोहोर मैला व्यवस्थापन कम्पनीको वार्षिक साधारणसभाका सहभागी वक्ताहरुले त्यस्तो आग्रह गरेका हुन् । कन्काई , बिर्तामोड र अर्जुनधारा नगरपालिकाले समेत लगानी गर्नेगरी निर्माण भइरहेको सो परियोजनाका बारेमा केही दिनदेखि सत्तारुढ गठबन्धनले तीब्र विरोध गरिरहेका छन् । कार्यक्रममा बोल्दै संविधानसभा सदस्य तथा नेकपा एमालेका जिल्ला अध्यक्ष दीपक कार्कीले फोहोरमैलाको समस्या जटिल भएकाले फोहोरमैला व्यवस्थापनका लागि निर्माण भइरहेको परियोजनालाई राजनीतिक आँखाले हेर्नुभन्दा गहन अध्ययन गरेर गलत बाटोमा गए सल्लाह सुझाव दिन आग्रह गरे । उनले सबैलाई समेटेर , सबैलाई अपनत्व हुनेगरी लिएर जाऔं भन्दै धेरैभन्दा धेरैलाई समेटेर लगियो भने कसैले औंला उठाउने ठाउँ नरहने धारणा राखे । कार्कीले त्यस परियोजनाका बारेमा सर्वदलीय छलफल भएको स्मरण गर्दै कमीकमजोरी भए औंल्याएर अगाडि बढ्नसमेत आग्रह गरे । कन्काई नगरपालिकाका नगर प्रमुख राजेन्द्रकुमार पोखरेलले थाहै नपाई अर्काको कुरा सुनेर विरोध गर्नुभन्दा वास्तविकता बुझेर मात्र विरोध गर्न आग्रह गरे । उनले प्राइभेट कम्पनी भएको भए नगरपालिकाले लगानी गर्न नमिल्ने भन्दै पब्लिक लिमिटेड भएकाले नगरपालिकाले लगानी गर्ने बाटो खुलेको स्पष्ट पारे । बिर्तामोड नगरपालिकाका उपप्रमुख नगेन्द्रप्रसाद संग्रौलाले साल्ट ट्रेडिङ कर्पोरेशन , नेपाल टेलिकमजस्ता कम्पनीमा सरकारले लगानी गर्न मिल्ने तर, फोहोरमैला व्यवस्थापन गर्ने कम्पनीमा नगरपालिकाहरुले लगानी गर्न किन नमिल्ने भनी प्रश्न गरे । उनले फोहोरमैलामा राजनीति नगर्न आग्रह गरे । कार्यक्रममा बोल्दै सामाजिक अभियन्ता शेरबहादुर थापा, नेपाल चेम्बर अफ कमर्सका केन्द्रीय सदस्य ओमकृष्ण विमली ,कन्काई खेलकुद प्रतिष्ठानका अध्यक्ष छवि थपलियाले पनि फोहोरमैला व्यववस्थापनमा राजनीतिक दलहरुको साझा अवधारणा आवश्यक भएको बताए । एकजना व्यक्ति , एउटा राजनीतिक दल र सरकार समेतले एक्लै फोहोरमैलाको समस्या हल गर्न नसक्ने भन्दै त्यसमा आम जनसहभागिता जरुरी भएको उनीहरुको भनाई थियो । कम्पनीका अध्यक्ष मिनाल तिम्सिनाको अध्यक्षतामा भएको साधारणसभामा निवर्तमान सांसद हिरा थापाको प्रमुख आतिथ्य रहेको थियो । कार्यक्रममा राष्ट्रिय सभा सदस्य गोपालकुमार बस्नेतलाई प्रमुख अतिथिको रुपमा निम्तो गरिएकोमा कांग्रेस कार्यकर्ताहरुले उनलाई कार्यक्रममा आउन नदिएको बताइएको छ । त्यस्तै एमाले इतरका कोही पनि नेता कार्यकर्ता कार्यक्रममा उपस्थित भएनन् । सत्तारुढ गठबन्धनले कार्यक्रममा नजान उर्दी नै जारी गरेको बताइएको छ । संचालक सदस्य कुमारमणि पाखरेलले स्वागत गरेको कार्यक्रमको सञ्चालन कम्पनीको प्रवन्ध निर्देशक दीपक चापागाईले गरेका थिए ।

# अनुप्रस्था र पूर्वाञ्चल क्यान्सर अस्पतालबीच सम्झौता

बिर्तामोड(प्रस)। अति विपन्न क्यान्सर रोगीको निःशुल्क उपचारका लागि अनुप्रस्था फाउण्डेशन र पूर्वाञ्चल क्यान्सर अस्पतालबीच सम्झौता भएको छ । पैसाबिना कोही पनि मर्नु हुँदैन भन्ने लक्ष्य राखेर विपन्न क्यान्सर रोगीको उपचारमा सहयोग पुऱ्याउने उद्धेश्यका साथ अनुप्रस्थाले उपचारमा आर्थिक सहयोग गर्न अस्पतालसँग सम्झौता गरेको हो । मंगलबार फाउण्डेसनका फाउन्डर निरन शाही र अस्पतालका सिइओ डा. निराजन प्रसाईले सम्झौतामा हस्ताक्षर गरेका छन् । झापाको बिर्तामोडमा अनुप्रस्था ब्याण्डका नामले परिचित उक्त फाउण्डेशनले आर्थिक अभावका कारण उपचार पाउन नसकेका गरिब तथा विपन्नको उपचारका लागि अस्पतालसँग सम्झौता गरेको फाउण्डेशनका सदस्य विशाल अग्रवालले जानकारी दिए । कार्यक्रममा अस्पतालका डाक्टर विरेन्द्र यादबले अस्पतालको सेवासुबिधा र क्यान्सर रोगको अवस्थाका बारेमा जानकारी दिएका थिए । कार्यक्रमको सञ्चालन अस्पतालका जनसम्पर्क अधिकारी प्रोमिश गिरीले गरेका थिए ।











# मिल्स भेट्रान्सको उपाधि दमकले जित्यो

झापा(प्रस)। १ नम्बर प्रदेशस्तरीय प्रथम टुबोर्ग मिल्स भेट्रान्स गोल्डकप प्रतियोगिताको उपाधि झापा दमकको दमक-लखनपुर भेट्रान्स क्लबले जितेको छ ।
विराटनगर जुट मिलको खेलमैदानमा सोमबार भएको फाइनल खेलमा दमकले टाइब्रेकरमा विराटनगर हाटखोलाको मर्निङ भेट्रान्स क्लबलाई ४-३ गोलले पराजित गर्दै उपाधि जितेको हो । एक गोलका विरुद्ध दुई गोलले अगाडि रहेको दमकले अन्तिम ३० सेकेण्ड आफूलाई सम्हाल्न नसक्दा जितका लागि टाइब्रेकरको सामना गर्नु परेको थियो । दमकका देउमान लिम्बू, विशाल राई, पुष्कर धिमाल र सुवास आङ्थुपोले गोल गरे भने एलबी आलेको प्रहारलाई गोलरक्षकले बचाउ गरे । विराटनगरका सुरेन्द्र तामाङ, अंकुर खड्गी, सुरज श्रेष्ठले गोल गरे भने नवीन्द्र लिम्बूको प्रहारलाई गोलरक्षकले विफल पारेका थिए । अन्तिममा प्रहार गरेका लाक्पा लामाको प्रहार सिधा पोष्टमाथिबाट बाहिरिएको थियो । खेलको ४९ औं मिनेटमा दमकका देउमान लिम्बूले पाएको क्रसपासमा हेडिङमार्फत गोल गर्दै टोलीलाई अग्रता दिलाए । लगत्तै ५० औं मिनेटमा विराटनगरका सुरेन्द्र तामाङ बक्स अगाडिबाट गरेको प्रहार सिधा जाली चुमाउँदै खेल बराबरीमा ल्याए । ५८ औं मिनेटमा दमकका सुवास आङ्थुपोले सेन्टरबाट अघि बढाएको बल वान भर्सेस वानको स्थिति बनाएर गोल गर्दै टोलीलाई अग्रता दिलाए । खेल सकिन ३० सेकेण्ड बाँकी छँदा विराटनगरका सुरज श्रेष्ठले गोल गर्दै खेल बराबरीमा ल्याए । खेलको म्यान अफ द म्याच दमकका गोलरक्षक सुनिल तामाङ भए । सर्वाधिक गोलकर्ता विराटनगरका सुरज श्रेष्ठ र उत्कृष्ट खेलाडी सुवास आङ्थुपो भए । प्रतियोगिताको विजेताले ५१ हजार १ सय ११ रूपैयाँ र उपविजेताले ३१ हजार १ सय ११ रूपैयाँका साथै ट्रफी प्राप्त गरे । व्यक्तिगततर्फ २ हजार १ सय रुपैयाँ पुरस्कार पाए । फाइनल खेलका अवसरमा पूर्व खेलाडी ललित थापा, गोवर्द्धन आले, गम्भीर लामा र अनन्तराज थापालाई सम्मान गरियो । खेलाडीहरुलाई कार्यक्रमका प्रमुख अतिथि नेपाल खेलकुद महासंघका केन्द्रीय अध्यक्ष परशुराम बस्नेत, उद्योगी तथा समाजसेवी अरुणराठी,वडाध्यक्ष उद्धव भुजेल, किशोर शाही, खेल संयोजक मनोज खड्कालगायतले पुरस्कार वितरण गरे ।






# भारतबाट ल्याइएका मरेका माछा नष्ट

बिर्तामोड(प्रस)। भारतबाट आयात गरिएको मरेका माछा बिर्तामोडमा नष्ट पारिएको छ । मंगलवार विहान बिर्तामोडस्थित अञ्जली हस्पिटल नजिकैबाट बिर्तामोड नगर प्रहरीले मरेका माछासहितको प्रदेश -१-०१-००१ च ७४०८ को पिकअप भेन र चालक गौरादह १ का अमृत दाहाललाई नियन्त्रणमा लिएको थियो । नियन्त्रणमा लिइएको माछा आवश्यक प्रक्रिया पुरा गरेर नष्ट गरिएको हो ।गौरीगञ्ज क्षेत्रबाट भन्सार छलेर सो माछा भित्र्याइएको बताइएको छ । भारतबाट आयात हुने अस्वस्थकर मरेका माछाको विक्री वितरणमा रोक लगाएको बिर्तामोड नगरपालिकाले उक्त माछा मेची आँखा अस्पताल नजिकै खाल्डोमा पुरेको हो । २ हजार १६ केजी (४८ कार्टुन) माछा बरफमा राखेर ल्याइएको थियो । सो माछा साढे ३ लाख मूल्य बराबरको भएको जनाइएको छ । दशैंका लागि ल्याइएको अस्वस्थ्यकर माछा नष्ट गरेकोमा बिर्तामोड नगर प्रहरीलाई सबैले धन्यवाद समेत दिएका छन् । माछा व्यापारी, किसान, बिर्तामोड वाणिज्य संघ, मत्स्य व्यवसायी कृषक महासंघ, नगर प्रहरीको रोहवरमा माछा नष्ट गरिएको हो ।











# शीत भण्डार सञ्चालनमा नआउँदा किसानलाई समस्या



झापा(प्रस)।इलाममा करोडौँ खर्च गरेर निर्माण गरिएको शीत भण्डार (कोल्डस्टोर) प्रयोग नहुँदा किसान तथा व्यवसायी मर्कामा परेका छन् । किसानले उब्जनी गरेको फलफूल तथा तरकारी भण्डारण गर्ने स्थान नहुँदा जिल्लाका किसान तथा व्यवसायी समस्यामा परेका हुन् । दश वर्षअघि निर्माण भएको शीत भण्डार प्रयोगविहीन हुँदा यहाँका किसानले उब्जनी गर्नेबित्तिकै सस्तो मूल्यमा फलफूल तथा तरकारी बेच्नुपर्ने किसानलाई बाध्यता रहेको छ । इलाम कृषि उत्पादनका लागि उर्वर भूमि मानिन्छ । जिल्लामा उत्पादित भएका तरकारी र फलफूल भण्डारण गर्ने हो भने बाहिरबाट यस्ता वस्तु ल्याउनु नपर्ने व्यवसायी बताउँछन् ।

इलाम नगरपालिका र भारतीय दूतावासको सहयोगमा इलाम-९ स्थित सेरामा १० वर्षअघि निर्माण भएको शीत भण्डार सञ्चालन नहुँदा यहाँ उत्पादित नगदेबाली भण्डारणमा समस्या भएको किसान दूर्योधन खत्रीको भनाइ छ । उनले भने ,'दुई हजार टन क्षमताको शीत भण्डार प्रयोगविहीन छ । तरकारी र फलफूल सस्तोमा बेच्नु परिरहेको छ । शीत भण्डार हुनु र नहुनु एउटै भएको छ । 'इलाम बजारदेखि मुनि निर्माण भएको सो शीत भण्डार उचित स्थानमा निर्माण नभएको जनाइएको छ । यसका लागि नेपाल सरकारबाट रु ६७ लाख ५८ हजार र इलाम नगरपालिकाले रु ४३ लाख पाँच हजार र भारत सरकारबाट रु चार करोड ३९ लाख तीन हजार खर्च गरिएको थियो । किसान उमकान्त रिजालले शीत भण्डार निर्माण भएर पनि सञ्चालनमा नआउँदा अधिकांश तरकारी तथा फलफूल बारीमै कुहिएर जाने गरेको बताए । भारत र तराईका बजारबाट आयातित फलफूल तथा तरकारी उपभोग गर्न जिल्लाबासी बाध्य भएका छन् ।

इलाममा किबीसहित विभिन्न किसिमका फलफूल र तरकारी उत्पादन हुने गरेको छ । शीत भण्डारको रेखदेखका लागि नगरपालिकाले एक जना चौकीदार राखेको छ । नगरपालिकाले शीत भण्डार सञ्चालनका लागि पटक-पटक ठेक्का आह्वान गरेको थियो । त्यहाँ जडान गरिएका उपकरणमा समेत खिया लागेर बिग्रने अवस्थामा पुगेको छ । सो नगरपालिकाका प्रशासकीय अधिकृत तथा सूचना अधिकारी रामकुमार साहले पटक-पटक नगरपालिकाले पहल गरे पनि सञ्चालन हुन नसकेको बताए ।

# सैनिक नव युवा गोल्डकपको सेमिफाइनलमा

अर्जुनधारा(प्रस) । सैनिक एफसी बिर्तामोड अर्जुनधारामा जारी दोस्रो नव युवा गोल्डकपको सेमिफाइनलमा प्रवेश गरेको छ । स्पर्धी दमक फुटबल एकाडेमीलाई ३-० गोलअन्तरले पराजित गर्दै सैनिकले अन्तिम चारमा स्थान सुरक्षित गरेको हो । अर्जुनधारा ४ र ७ मा रहेको नव युवा क्लबको आयोजना तथा स्थानीय अर्जुनधारा खेलमैदानमा आयोजित प्रतियोगितामा सैनिकका लागि सुजन लिम्बूले पहिलो गोल गरेका थिए । प्रतिस्पर्धात्मक खेलमा एकोहोरो दबाब सिर्जना गरेको सैनिकका लागि सुजनले खेलको ४८औँ मिनेटमा गोल गरेका हुन् ।यस्तै, खेलको ५५औँ मिनेटमा सैनिककै पाल्देन घले र ७० औँ मिनेटमा उत्सव राईले गोल गर्दै फराकिलो गोल अन्तरमा जित दर्ता गरे । खेलको म्यान अफ दी म्याच सैनिकका पहिलो गोलकर्ता सुजन लिम्बू घोषित भए । उनले नगद १५ सय पाए ।खेलकुद क्षेत्रको प्रवर्द्धन एवम् विजया दशमीको अवसरमा गोल्डकप आयोजना गरिएको आयोजक क्लबका अध्यक्ष देवेन्द्र मैनालीले जानकारी दिए । बुधबारको खेल बिर्तामोड एफसी र ब्रदर एफसी चन्द्रगढीबीच हुने सञ्चार संयोजक कमल पोखरेलले जानकारी दिए । प्रतियोगिताको विजेता र उपविजेताले क्रमशः नगद एक लाख एक हजार एक र ५१ हजार एकसहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् ।







# दसैँमा सर्वोच्च अदालत खुला रहने




झापा(प्रस)। घटस्थापनादेखि पूर्णिमासम्म सर्वोच्च अदालतमा अन्य सुनुवाइ नहुने भएपनि बन्दी प्रत्यक्षीकरणको रिटमाथि भने सुनुवाइ हुने भएको छ । सर्वोच्च अदालतले विज्ञप्ति जारी गर्दै दशैं विदामा पनि बन्दी प्रत्यक्षीकरणको रिट लिने र सुनुवाइ गर्ने बताएको हो । घटस्थापनाका दिनदेखि नै अदालतका अन्य काम भने बन्द गरिएको छ । अब शनिबार र विजया दशमीको दिनबाहेक अन्य दिनमा बिहान ११ बजेदेखि अपरान्ह ३ बजेसम्म अदालत खुला रहने सर्वोच्च अदालतले जनाएको छ । यद्यपि दशैं विदामा बन्दी प्रत्यक्षीकरणको रिट मात्रै हेरिने छ । बन्दी प्रत्यक्षीकरणको रिट हेर्न न्यायाधीशहरूलाई जिम्मेवारी तोकिएको छ । न्यायाधीशहरूले दिन अनुसार पालैपालो बन्दी प्रत्यक्षीकरणको रिट हेर्नेछन् ।

## विराट बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड

विर्तामोड-३, सैनिकमोड (झापा) फोन नं. ०२३-५३०८५३

## साधारणसभा सम्बन्धी सूचना

प्रस्तुत विषयमा यस विराट बहुउद्देश्यीय सहकारी संस्था लि. बिर्तामोड-३, सैनिकमोड झापाको १७औं वार्षिक साधारणसभा तपशिल बमोजिमको मिति, सयम र स्थानमा हुने निर्णय भएको हुँदा सम्बन्धित सदस्य आफै अनिवार्य रुपमा उपस्थित भई दिनुहुन हार्दिक अनुरोध गरिन्छ । साथै साधारणसभा तयारी सम्बन्धमा थप सुझाव र केही जिज्ञासा भएमा वा वार्षिक प्रगति प्रतिवेदन बुझिलिनु हुन २०७९ साल असोज मसान्तसम्ममा मुख्य कार्यालय बिर्तामोड-३, सैनिकमोडमा सम्पर्क गर्नुहुन समेत अनुरोध गरिन्छ ।

**कार्यक्रमहरु**

**सदस्य दर्ता तथा हाजिरी** : मिति २०७९ कार्तिक ०४ गते , बिहान १०:०० बजेदेखि

**साधारणसभाको समुद्घाटन** :२०७९ कार्तिक ०४ गते, विहान ठीक १०:३० बजे

**स्थान**: अनारमनी पब्लिक क्याम्पस बिर्तामोड-३, विर्तावजार झापाको प्राङ्गण

**साधारणसभामा छलफलका विषयहरु** :

| क्र.सं. | कार्यक्रम |
|---|---|
| | क. सञ्चालक समितिको प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।<br>ख. लेखा सुपरीवेक्षण समितिद्वारा प्रस्तुत प्रतिवेदनमाथि छलफलसहित पारित,<br>ग. आ.व. २०७८/०७९ को लेखा परीक्षण प्रतिवेदनमाथि छलफल तथा पारित<br>घ. आ.व.२०७९/०८० को लागि लेखा परीक्षक नियुक्ति र पारिश्रमिक निर्धारण<br>ङ. साधारणसभाको निर्णय पुस्तिका प्रमाणित गर्ने प्रतिनिधि सदस्य मनोनयन<br>च. विनियम संशोधन/पुनर्लेखन सम्बन्धी छलफल<br>छ. शेयर लाभाशं वितरण अनुमोदन सम्बन्धमा<br>ज. विभिन्न राय, सल्लाह तथा सुझाव कार्यान्वयन सम्बन्धमा<br>झ. कार्यक्रम समापन |

**नोट** : एस.ई.ई. परीक्षा २०७९ मा उत्कृष्ट अंक ल्याउने शेयर सदस्यहरुका छोरा, छोरी मध्येबाट सरकारी विद्यालयतर्फ १ छात्र, १ छात्रा र संस्थागत विद्यालयतर्फ १ छात्र र १ छात्रालाई सम्मान गरिने कार्यक्रम रहेको हुँदा आवश्यक प्रमाणसहित कार्यालयमा सम्पर्क गर्नुहुन यसै सूचनामार्फत जानकारी गराइन्छ ।

**विराट बहुउद्देश्यीय सहकारी संस्था लि.**
**बिर्तामोड न.पा.-३, सैनिकमोड झापा** **फोन नं.** ०२३-५३०८५३/५४४५५०




## सहारा नेपाल बचत तथा ऋण सहकारी संस्था लि.

## शिलबन्दी कोटेशन आव्हान

प्रथम पटक प्रकाशित मिति : २०७९/०६/१२

**सहारा नेपाल बचत तथा ऋण सहकारी संस्था लिमिटेड, केन्द्रिय कार्यालय बिर्तामोड-२ अन्तरगत सेवाकेन्द तरहराको आन्तरिक डेकोरेशन निमार्ण गर्न इच्छुक फर्मबाट आवश्यक कागजहरु संलग्न राखी १५ दिनभित्र शिलबन्दी कोटेशन आव्हान गरिन्छ ।**

शर्तहरु :

१. फर्मको नाम, ठेगाना, भ्याट नम्बर, सम्पर्क नम्बर ,फर्मको छाप, हस्ताक्षर स्पष्ट लेखिएको हुनु पर्ने छ ।
२. फर्मको लेटर प्याडमा कोटेशन प्रस्तुत गरिएको निवेदन लेख्नु पर्ने छ ।
३. कोटेशनमा फर्मको व्यवसायिक ,कर चुक्ता, स्थायी लेखा नम्बर, मुल्य अभिवृद्धि कर, दर्ता प्रमाणपत्र तथा अन्य आवश्यक कागजातहरुको फोटोकपी संलग्न हुनु पर्ने छ ।
४. समय नाघि, रीत पुरा नगरी वा कुनै पनि शर्तहरु राखी पाप्त भएका कोटेशनलाई मान्यता दिइने छैन ।
५ सेवाकेन्द्र तरहरा ( आ.व.२०७९/२०८० ठेक्का न.१ )को आन्तरिक डेकोरेशन DETAIL DESIGNING, DRAWING ,BOQ , FURNITURE PLAN मा उल्लेख भए अनुसार गर्नु पर्नेछ । साथै फर्मले BOQ भर्दा प्रति आइटमको दर रेट Detail र योगफल सहित पुर्ण रुपमा भर्नु पर्नेछ यदि छुट हुन गएमा संस्था जवाफदेही हुने छैन ।
६. बोलपत्र स्वीकृत गर्ने, नगर्ने, रद्ध गर्ने, डेकोरेशन अनुगमन गर्ने साथै डेकोरेशनको सम्पुर्ण निर्माण गर्ने अधिकार संस्थामा सुरक्षित रहनेछ ।
७. एक पटक पेश गरिएको शिलबन्दी दरभाउपत्र फिर्ता वा संशोधन गर्न पाईने छैन ।
८ बोलपत्रको ५ प्रतिशत धरौटी रकम संस्थाको खातामा जम्मा गर्नु पर्नेछ र सो रकममा कुनै पनि ब्याज उपलब्ध गराइने छैन साथै आन्तरिक डेकोरेशन सन्तोषजनक नभएमा धरौटी रकम फिर्ता हुने छैन ।
९. दरखास्त बोलपत्रको जम्मा रकम **सेवाकेन्द्र तरहराको** रु १८,१०,०००/- (भ्याटसहित) भन्दा कम हुनु पर्नेछ ।
१०. भ्याट बिलको १.५ प्रतिशत रकम ठेक्का कर वापत रकम कट्टा गरी आन्तरिक राजश्व कार्यालयमा जम्मा गरिनेछ ।
११ फर्मले सेवाकेन्द्र निर्माण सम्पन्न गरी अन्तिम रकम भुक्तानी गरेको ६ महिनाभित्र डेकारेशनमा समस्या देखिएमा निर्माण कम्पनीले मर्मत गर्नु पर्नेछ ।
१२. सेवाकेन्द्र डेकोरेशन गर्नको लागि फर्निचर व्यवसाय र इन्टरियर डिजाइन गर्ने फर्मले मात्र कोटेशन प्रस्तुत गर्न सक्ने छन् । साथै कोटेशनमा व्यवसाय संचालन गरेको समय अवधि, कुन कुन संस्थाको आन्तरिक डिजाईनको कार्य गरेका हो अनुभव प्रमाणपत्र संलग्न हुनु पर्ने छ यदि प्रमाणपत्र संलग्न नभएमा कोटेशन रद्द हुनेछ ।
१३ यो सुचना प्रकाशित भएको मितिले १६ (सोह्रौं) दिनका दिन संस्थाको केन्द्रीय कार्यालयमा बोलपत्र खोलिनेछ र सो दिन कार्यालय बिदा पर्न गएमा बिदापछि लगतै कार्यालय खोलिएको दिन खोलिनेछ ।
१४. प्रस्ताबित शिलबन्दी बोलपत्र, बि.ओ.क्यु, नक्सा रु १००० (फिर्ता नहुने गरि) तिरी केन्द्रीय कार्यालयबाट खरिद गर्न सकिनेछ ।
१५. बोलपत्र सम्बन्धमा केही अस्पष्टता भए संस्थाको केन्द्रीय कार्यालयमा सम्पर्क गरि स्पष्ट हुनु पर्नेछ ।

**सहारा नेपाल (साकोस) लि.**
केन्द्रीय कार्यालय,बिर्तामोड-२, चारपाने
फो.न. ०२३-५४११९८

# अपांग युवती बलात्कार आरोपमा पक्राउ

झापा(प्रस)। शारीरिक रूपमा अपांगता भएकी युवतीलाई बलात्कार गरेको आरोपमा प्रहरीले मोरङको लेटाङबाट एकजनालाई पक्राउ गरेको छ ।

लेटाङ नगरपालिका-९ की १९ वर्षीया युवतीलाई बलात्कार गरेको आरोपमा लेटाङ-३ का ५६ वर्षीय शरणबहादुर राईलाई पक्राउ गरिएको मोरङ प्रहरीका प्रवक्ता डीएसपी दीपक श्रेष्ठले जानकारी दिए । उनका अनुसार युवतीका दुवै खुट्टा चल्दैन । हिँडडुल गर्न नसक्ने अवस्थाकी युवतीलाई बलात्कार गरेको भनेर किटानी जाहेरी परेपछि राईलाई पक्राउ गरिएको डीएसपी श्रेष्ठले बताए । लेटाङ-९ मा राईको खेती छ । काम गर्नलाई खेतमा गएका बेला गत शनिबार राति युवतीलाई बोकेर आफ्नै खेतमा रहेको टहरोमा लगी राईले बलात्कार गरेको प्रहरीको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ । अपांगता भएकी युवती बलात्कृत भएको दुई दिनपछि मात्रै प्रहरीले घटनाको जानकारी पाएको हो । घटनाको जानकारी पाउनसाथ सोमबार पक्राउ गरिएको डीएसपी श्रेष्ठले बताए । राईविरुद्ध जबरजस्ती करणी मुद्दा चलाउन म्याद थप गरेर अनुसन्धानको बाँकी प्रक्रिया अघि बढाइएको प्रहरीले जनाएको छ ।




नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) फोन नं.: ०२३-५४३८२० इमेल : pratidin65@gmail .com अध्यक्ष : युवराज दाहाल ।। कार्यकारी सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

### आचारसंहिता पालना गरौं

बुधवारदेखि निर्वाचन आचारसंहिता, २०७९ लागू गर्ने निर्वाचन आयोगले निर्णय गरेको छ । यसअघिका निर्वाचन आचारसंहिताभन्दा यसपटकको आचारसंहिता बढी कार्यान्वयनमुखी र व्यावहारिक छ । यद्यपि, निर्वाचन आयोगले यसलाई कसरी कार्यान्वयन गराउँछ, त्यो भने हेर्न बाँकी नै छ । आयोगले प्रधानमन्त्री, मन्त्री तथा प्रमुख राजनीतिक दललाई आयोगमा नै बोलाएर आचारसंहिता पालनामा प्रतिबद्धता जाहेर गर्न लगाएको छ । आयोगको यो कार्य प्रशंसनीय छ ।

निर्वाचनका बेलामा अधिकांश दल र उम्मेदवारले आचारसंहितालाई पूर्ण रूपमा बिर्सने गरेका छन् । उनीहरूले निर्वाचन जित्नका लागि जस्तासुकै हर्कत अपनाउन पनि पछि पर्दैनन् भन्ने कुराको पुष्टि गत स्थानीय तहको निर्वाचनले नै गराएको छ । त्यसैले, निर्वाचन आयोग आचारसंहिता पालनामा कठोर र कडा बन्नैपर्छ । आयोगले अचारसंहिताको ठाडो उल्लंघन गर्नेहरूको उम्मेदवारी रद्द गर्नसक्ने क्षमता पनि राख्नुपर्छ ।

संघीय तथा प्रादेशिक निर्वाचनका लागि आचारसंहिता राजपत्रमा पहिले नै प्रकाशित भइसकेको हो । अब आयोगले केही दिनमा नै यसलाई कार्यान्वयनमा ल्याउने तयारी गरेको छ । सत्ताधारीसहित प्रतिपक्षी दलहरूले यो आचारसंहिता कार्यान्वयनका लागि हस्ताक्षर पनि गरिसकेका छन् । अहिलेसम्म १२ राजनीतिक दलले संहिता कार्यान्वयनमा प्रतिबद्धता जनाएपछि आचारसंहिता कार्यान्वयन सफल किसिमले हुने विश्वास गर्न सकिन्छ ।

आयोगले निर्वाचनलाई स्वच्छ, निष्पक्ष, पारदर्शी तथा भयमुक्त बनाउन भन्दै सार्वजनिक गरेको प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचन लक्षित आचारसंहिता अहिले कार्यान्वयनको मुखमा छ । यसको कार्यान्वयन मौखिक वचनले हुन्छ भनेर मात्र सुख पाइनेछैन । यसका लागि केही प्रावधान व्यावहारिक पक्षसँग पनि जोडिएका छन् । प्रकाशित आचारसंहितामा आफैंले प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका लागि प्रत्यक्ष तर्फका उम्मेदवारले आफ्नो सम्पत्ति विवरण उम्मेदवारको मनोनयन दर्ता गर्दाका बखत नै सिलबन्दी गरेर सम्बन्धित निर्वाचन आयोगको कार्यालयमा पेस गर्नुपर्ने प्रावधान रहेको छ । त्यति मात्र होइन, आचारसंहिता लागू भइसकेपछि नेपाल सरकारका मन्त्रीहरूलाई आफ्नो निर्वाचन क्षेत्रबाहेकका चुनावी प्रचार क्षेत्रमा जानसमेत रोक लगाइएको छ । यस विषयलाई लिएर राजनीतिक दलहरूले आपत्ति जनाउँदै आए पनि आयोगले यो प्रावधान नहटाएरै राजनीतिक दलहरूलाई हस्ताक्षर गराइसकेको छ । मात्र आयोगले यसमा केही लचकता देखाउने संकेत राजनीतिक दलहरूलाई दिएको देखिएको छ । तर, आयोगले प्रकाशित गरेको आचारसंहितामा भएको सरकारका कुनै पनि मन्त्री तथा स्थानीय तहका जनप्रतिनिधि राजनीतिक दलको मुख्य प्रचारक भई प्रचारप्रसारमा सहभागी हुन नपाउने भन्ने प्रावधान भने कार्यान्वयनमा आउनेछ ।

# राष्ट्रपतिबाट संविधानलाई भष्म पार्ने प्रयास



• महेश आचार्य

वितेका केही दिनदेखि नागरिकता विधेयकका विषयमा व्यापक बहस छ, जुन अस्वाभाविक ढंगले सत्य भन्दा पनि तल गएर प्रचारात्मक ढंगले पार्टीका एजेण्डा बनाउने प्रयासस्वरुप प्रचार भइरहेको छ। यी बहसहरू कपोलकल्पित खालका पनि छन् ।संसद् नियममा बाँधिएर चल्छ, प्रक्रियामा बाँधिएर चल्छ । त्यही भएर हामी नियमावली बनाउँछौं । हामीले सबै काम गर्दा एउटा परिधिभित्र रहेर संसद् चलाउँछौं । हाम्रो संविधानको प्रस्तावनामै के लेखिएको छ भने नेपाली जनतामा अन्तरनिहीत सार्वभौम सत्तालाई प्रयोग गर्ने सबैभन्दा महत्वपूर्ण थलो भनेको जनप्रतिनिधि संस्था हो । त्यो भनेको संसद् हो । चाहे त्यो केन्द्रको होस् वा प्रदेशको संसद् होस् ।जनतामा भएको सार्वभौमसत्तालाई मतदानद्वारा प्रतिनिधिहरूलाई चुन्ने र ती प्रतिनिधिहरुले जनतामा अन्तरनिहीत सार्वभौमसत्तालाई प्रतिनिधित्व गरेर कानून निर्माणमा बहस गर्छन् । हामीले हाम्रो संविधानको प्रस्तावनाको पहिलो अंशमा सार्वभौम सत्ता सम्पन्न हामी नेपाली जनता भनेर प्रारम्भ गरेका छौं । त्यसैले, नेपालको संसद् सार्वभौम जनताले अधिकार प्रयोग गर्ने थलो हो । सार्वभौम जनताको प्रतिनिधिले गरेको अधिकार प्रयोगबाट संविधान र कानून बन्छ । हामी सबै कानूनको परिधिभित्र रहन्छौं । संविधानले भन्छ, राष्ट्रपति स्वयम् पनि कानूनको परिधिमा बाँधिएर बस्नुपर्दछ । राष्ट्रपतिको काम, कर्तव्य र अधिकारमा संविधानको पालना र यसको संरक्षण गर्नुपर्ने कुरा लेखेको छ ।संसद्ले बनाएको कानून के राष्ट्रपतिले बेवास्ता गर्न सक्ने यो संविधान बनेको हो त ? यो आम जनताको र आम मानिसको बहसको विषय हो । यो विषयमा हाम्रो पार्टी काँग्रेस, अन्य पार्टी तथा जनता सबैलाई भन्न जरुरी छ ।

संसद्ले कानून बनाएर सभामुखले प्रमाणित गरेर राष्ट्रपतिकोमा पठाउने संविधानको धारा ११३ मा उल्लेख छ । त्यहाँ राष्ट्रपतिलाई यो अधिकार छ कि संसदबाट प्रमाणिकरणका निम्ति आएको विधेयकलाई पुनःविचार गर्नुपर्ने विषय छ भन्ने लागेमा राष्ट्रपतिले १५ दिनभित्र पुनःविचार गर्नका लागि सन्देशसहित फिर्ता पठाउन पाउने अधिकार छ । राष्ट्रपतिलाई प्राप्त यो अधिकार असीमित अधिकार होइन । यो जतिखेर मन लाग्यो, त्यतिखेर आफ्नो खुसी प्रयोग गर्नसक्ने यो अधिकार होइन । राष्ट्रपतिले सबै विधेयकलाई संसद्मा फिर्ता पठाउँछु भन्न पनि पाउनु हुन्न । अर्थ विधेयकलाई राष्ट्रपतिले केही पनि गर्न पाउनु हुन्न । संविधानले नै त्यो बन्देज लगाएको अवस्था हो । अरु विधेयकको हकमा एक पटक राष्ट्रपतिले फिर्ता पठाउन सक्नुहुन्छ । तर, अर्को पटक दोहोर्याएर संसद्ले, त्यही रुपमा वा संशोधनसहित पठाएपछि प्रमाणीकरण गर्नुपर्छ भनेर संविधानमा उल्लेख छ । पुनःविचार गर्नका पनि राष्ट्रपति स्वतन्त्र हुनुहुन्न । त्यहाँ बन्देजसहितको सीमित अधिकार मात्रै छ । यदि संसद्ले दोहोर्याएर पठाएको कानूनलाई प्रमाणीकरण नगर्नु र निष्क्रिय बस्नु भनेको संविधान प्रदत्त राष्ट्रपतिको काम र अधिकारको पालना भएन । संसद् र राष्ट्रपतिको अधिकार, नियम, कानून र संविधानले जे तोकेको छ । राष्ट्रपति पनि र संसद् पनि अनुशासनमा बसेनन् भने समस्या आउँछ । त्यही भएर अहिले संकट आएको हो ।

कन्टेनको विषयमा मतभिन्नता भएर यो विषय आएको हो त ? यो विषयमा झनै प्रष्ट हुनु आवश्यक छ । हाम्रो संविधानले कुनै पनि कानूनको विषय संविधानसँग बाझिएको विषय छ कि छैन भन्ने कुरालाई हेर्नका लागि राष्ट्रपतिलाई केही अधिकार दिएको छ त ? भन्ने प्रश्न राखेर हेर्ने हो भने त्यो अधिकार राष्ट्रपतिलाई छैन । तर, त्यो अधिकार संविधानको धारा १३३ मा सर्वोच्च अदालतको असाधारण अधिकार क्षेत्रमा रहेको छ । यो शक्ति सन्तुलन र नियन्त्रणमा चलेको परिपाटी भएकोले कानून प्रस्तावित गर्ने अधिकार कार्यपालिकाको हो । कस्तो कानून बनाइदिने भन्ने अधिकार संसद्को हो । संसद्ले कानूनमा थपघट गर्न पनि सक्दछ । त्यो बनेको कानून संविधानसँग बाझियो कि बाझिएन भनेर हेर्ने अधिकार भने सर्वोच्च अदालतलाई छ । यसरी कानूनलाई एउटा अंगले प्रस्ताव गर्ने, अर्को अंगले कानून निर्माण गर्ने र अर्को अंगले यो कानून संविधानले जनतालाई प्रदत्त गरेको मौलिक अधिकारसँग बाझिन्छ कि बाझिदैन भने हेर्ने विषय अर्को अंगले गर्दछ । यो शक्ति सन्तुलन र नियन्त्रणको सिद्धान्तमा तीनवटा अंगले आआफ्नो ढंगले बनाउनुपर्ने कानून र कानूनमा अन्तरनिहीत संवैधानिकताको प्रश्न हो । यसलाई हेर्ने सर्वोच्च अदालतको भूमिकालाई पनि बेवास्ता गरेर राष्ट्रपतिले आफैंले गर्ने भनेको त्यो संविधान विपरीतको काम हो ।

संविधान अनुसार राष्ट्रपतिले दुईवटा हिसावले निर्णय गर्न पाउनु हुन्छ । एउटा कानूनको संवैधानिक प्रबन्धअनुसार कुनै संवैधानिक निकायहरु जस्तो कि संवैधानिक परिषदले कुनै निर्णय गर्यो भने त्यो कार्यकारी अंगबाट जाँदैन, त्यो सोझै राष्ट्रपतिकोमा पुग्दछ । अर्को भनेको कानून संसद्ले बनाइसकेपछि त्यो सरकारको अंग भएर राष्ट्रपतिकोमा जाने होइन । सभामुखले प्रमाणित गरेर पठाउनु हुन्छ । त्यसैले राष्ट्रपतिले कुनै संविधानले, कानूनले तोकेको निकायको सिफारिसमा निर्णय गर्ने हो । त्यसबाहेक तोकिएको निकायको सिफारिस गर्ने बाहेकका सबै कामहरु मन्त्रीपरिषद्को सल्लाह र सहमतिमा मात्रै राष्ट्रपतिले काम गर्ने हो । त्यो भनेको प्रधानमन्त्रीको सहमति अनिवार्य हो । अनि राष्ट्रपतिले अहिले गर्नुभएको निर्णय भनेको संसद्ले बनाएको कानूनलाई थाहै नपाएको जस्तो गरी त्यसलाई बेवास्ता गरेर त्यो कानूनलाई निष्क्रिय बनाइदिने काम के आधारमा गरियो ? कन्टेन्टको आधारमा गरिएको हो भने पनि त्यो अधिकार राष्ट्रपतिलाई छैन । संविधानसँग बाझिएका विषय हेर्ने निकाय भनेको सर्वोच्च अदालत हो । त्यसैले, कुनै पनि कोणबाट हेर्दा राष्ट्रपतिको यो कदम संविधानसँग पूर्ण रुपमा बाझिएको देखिन्छ ।

संसदीय अभिलेखले थुप्रै कुरालाई क्लियर पनि गर्छ । आजभन्दा साढे ३ वर्ष अगाडिको कुरा हो । संसदमा सांसद विजय सुब्बाले सरकारलाई एउटा कुरा सोध्नु भएको थियो । नेपालमा नागरिकता प्रमाणपत्र कति वितरण भयो भन्ने लिखित प्रश्नको जवाफमा सरकारको तर्फबाट लिखित उत्तर संसद्को अभिलेखमा छ । २००९ सालबाट नेपालमा नागरिकता दिन सुरु गरिएको हो । यस अनुसार अहिले ७० वर्ष पुगेको छ । यो अवधिमा आजभन्दा तीन वर्ष अगाडिको तथ्याङ्कमा नेपालमा २ करोड २१ लाख नेपाली जनताले नागरिकताको प्रमाणपत्र पाएको उल्लेख छ । त्यसमध्ये २ करोड १५ लाख वंशजको आधारमा नागरिकता पाएका छन् । अर्को कुरा अहिले वैवाहिक नागरिकताको विषयमा एउटा हातमा नागरिकता अर्को हातमा सिन्दुर भन्ने जुन हल्ला छ नि, त्यो हल्ला निराधार हो भन्ने कुरा त्यसबेलै प्रष्ट भएको हो । ७० वर्षको अवधिमा ८० वटा मुलुकबाट विदेशी महिलाले नेपाली नागरिकसँग विवाह गरेर प्राप्त गरेको वैवाहिक अंगीकृत नागरिकताको संख्या ३ लाख ९० हजार हाराहारीमा छ । यो संख्या अहिले ४ लाख पुगेको देखिन्छ ।

३ वर्ष अगाडिसम्मको जन्मसिद्ध नागरिकता १ लाख ९० हजार मानिसले पाएका छन् । तर तिनको छोरा, छोरीलाई नागरिता छैन । पढेका छन्, रोजगारीमा जान पाएका छैनन्, सिमकार्डसमेत पाएका छैनन् । आमाको नागरिकता छ, बुबाको नागरिकता छ तर छोराछोरीको छैन । ७ वर्ष अगाडि जारी भएको संविधानले नागरिकता देऊ भन्छ भने एउटा कानून बनाएर नागरिकता वितरण गर्न नसक्ने कस्तो संसद् हो, कस्तो सरकार हो ? हामीलाई लाज हुँदैन ? नागरिकता ऐन २०६३ बनेपछि जन्मसिद्ध नागरिकता दिइयो । ०४६ सालभन्दा अगाडि नेपालमा जन्मिएका, नेपालमा बसोबास गर्दै आएकालाई नागरिकता दिइएको हो । तिनकै सन्तानले नागरिकता पाऊन् भनेर नै सबै पार्टी मिलेर संविधान लेखेको होइन र ? अब सबै पार्टीले सहमति गरेर जारी गरेको संविधान अनुसार नागरिकता वितरण गरौं भन्दा यत्रो बखेडा निकाल्नु हुन्छ त ? जन्मसिद्धलाई नागरिकता दिनुपर्छ भन्नुहुन्छ विपक्षी दलको नेता केपी शर्मा ओली पनि । अनि के विषयमा विरोध हो त ? भन्दा केही पनि छैन । अहिलेको शेरबहादुर देउवा नेतृत्वको सरकारले ल्याएको विधेयकमा तीनवटा नयाँ कुरा छ । एउटा कुरा जन्मसिद्धका नागरिकका छोराछोरीलाई बंशजको आधारमा पाउँछन् भनेर संविधानसभामा संविधान बनाउँदा सबैले सहमति गरेर लेखिएको प्रावधान हो । यो विषयमा त मतभेद होइन होला ।

अर्को विषय नेपाली चेलीले विदेशी नागरिकसँग विवाह गरिसकेपछि उनको सन्तानलाई अंगीकृत नागरिकता दिने कुरा यो विधेयकमा आएको छ । यसमा पनि मतभिन्नता होइन होला । संविधानमा भएकै व्यवस्था कार्यान्वयनमा आएको छ । संविधानमै रहेको अर्को व्यवस्था के हो भने थुप्रै संख्यामा नेपाली मूलका नागरिकहरु वंशजको आधारमा नागरिकता पाएका भएपनि विदेशमा बसिरहेका छन् । उनीहरुले उतैको नागरिकता लिएका छन् । संविधानले के भनेको छ भने सार्क राष्ट्रभन्दा बाहिर बसोबास गरेका नागरिकलाई उतैको नागरिकता लिएका छन् भने पनि गैरआवासीय नागरिकता दिन सकिन्छ । पीआरधारीले भोट हाल्ने अधिकार र राजनीतिक अधिकार प्राप्त गर्दैन तर, उसको सामाजिक, आर्थिक अधिकारसहित गैरआवासीय नेपाली नागरिकता दिनुपर्छ भनेर लेखेको छ ।

ओलीजीले २०७५ सालमा नागरिकता विधेयक प्रस्तुत गर्दा यही तीनवटा कुरा राखेर ल्याउनु भयो । अहिलेको विधेयकमा यो तीनवटा कुराभन्दा बाहेक अरु विषय नै छैन । संशोधन गरेको विषय प्रस्तावित नै छैन । फेरि के कुरामा मतभेद हो ? वैवाहिक नागरिकताको विषयमा हेर्ने हो भने २००९ सालदेखि विवाह गरेर आएका विदेशी महिला, जसले आफ्नो देशको नागरिकता त्याग गरेको प्रमाण पेश गरेको खण्डमा नागरिकता दिने भन्ने विषय रहेको छ । २०३२ सालको संविधान संशोधनको केही वर्षमा भने त्यहाँ अलिक कठोरता अपनाइयो । फेरि यो लगातार दिइ नै रहेको छ । आजको विद्यमान कानूनले पनि वैवाहिक अंगीकृत नागरिकता दिइरहेकै अवस्था हो । अघि मैले संख्या पनि भने ७० वर्षको अवधिमा ८० वटा देशबाट वैवाहिक अंगीकृत नागरिकता पाउनेको संख्या भनेको ३ लाख ९० हजार हो । त्यो भनेको बिहार, आसाम, सिक्किम, दार्जीलिङ, खर्साङ, तिब्बतबाट आउने पनि त्यति नै हो ।

गिरिजाबाबु प्रधानमन्त्री अनि उपप्रधान तथा परराष्ट्रमन्त्री केपी शर्मा ओली रहेको तात्कालीन सरकारले नागरिकता ऐन २०६३ ल्याएको हो । केपी ओली मात्रै होइन, त्यतिबेला एमालेबाट मन्त्रीहरु राजेन्द्रप्रसाद पाण्डे, प्रदीप ज्ञवाली, उर्मिला अर्याल, धर्मनाथ प्रसाद साह थिए । एमालेका यति धेरै मन्त्रीहरु रहेको बेला पेश गरिएको २०६३ को वैवाहिक अंगीकृत नागरिकताको कानून अहिले पनि अभिलेखमा छ । त्यो विषय नै नबुझी अहिलेको संसद्ले संशोधनमा नराखेको वैवाहिक अंगीकृतको विषय राखेर हल्लाखल्ला गरिएको छ । यो चाहिं एउटा समयमा आफैंले गरेको काम एमालेहरुले आफैंले बिर्सिएजस्तो गरेका छन् । आफ्नो दुई तिहाई नजिकको बहुमत हुँदा संसद्मा ६ महिनासम्म विधेयक रोकेर राख्ने । अनि संसद् विघटन गर्ने वित्तिकै वैवाहिक नागरिकताको विषयमा नबोली फेरि अध्यादेश ल्याउने दोहोरो, तेहोरो चरित्र देखाएर अहिले संवैधानिक अवरोधको अवस्था निर्माण गर्न खोजिएको छ । संविधान, संसद्, संसद्को नियमावली, संसद्को अभिलेख, सार्वभौम सत्ता सम्पन्न जनताको निर्णयलाई अवरोध गर्दै राष्ट्रपतिसँग के त्यस्तो अधिकार संविधानले दिएको छ ? संवैधानिक प्रबन्ध र कानून, नियमावलीलाई पनि कण्ठस्थ पढेर जनतामा जानुपर्ने अवस्था देखिएको छ । संविधान लिखत दस्तावेज हो । त्यसको प्रयोग कुपात्रहरुको हातमा पर्यो भने राम्रो संविधान पनि भस्मभूत भएर जान्छ । अधिकार नै नपाएको राष्ट्रपतिले अहिले जुन संकट निम्त्याउनु भएको छ, त्यो पनि त्यसैको संकेत हो ।


Pratidin National Daily
प्रतिदिन



तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com


# विश्व रेबिजविरुद्ध दिवस

तपाईं-हामीले पनि पालेको जनावर र विशेषगरि कुकुरलाई समयमैं रेविज विरुद्धको खोप लगाइदिन जरुरी छ । यदि लगाइसकेको भए पनि अन्य संक्रमित जनावर हरुसंग उनीहरुको सम्पर्क र संसर्ग नहोस् भन्ने कुरामा विशेष सचेतना हुनु आवश्यक देखिन्छ ।




**रेबिज के हो ?**

रेबिज एउटा भाइरस हो । यसलाई न्यूरोट्रोपीक भाइरस भनिन्छ । जसले जनावर हरुको शरीरमा प्रवेश गरेपछि रेबिज गराउँदछ । हामीमध्ये धेरैलाई रेबिजको बारेमा थाहा छ होला र रेविज मानव सभ्यतासंगै धेरै अगाडिदेखि देखिएको रोग हो । उत्तर पूर्वी अफ्रिकन क्षेत्रमा रहेको इजिप्ट सभ्यतामा आजभन्दा करिव ४३०० वर्ष अगाडिको इतिहासमा रेविज रोगका बारेमा उल्लेख गरेको पाइन्छ । अर्कोतर्फ दार्शनिक एरिस्टोटलले आजभन्दा २३०० वर्षअगाडि लेखेको नोटमा पनि रेविज लागेको कुकरले मान्छेलाई टोकेमा या उक्त कुकुरले अन्य जनावरलाई टोकेमा अनि ती जनावरसंगको सम्पर्कमा मान्छे आएमा रेविज लाग्ने तथ्य उल्लेखित छ । रेविज लागेको अर्थात् रेविड जनावर हरुको र्‍यालवाट सर्ने यो रोगले मानव इतिहासलाई र चिकित्सा विज्ञानलाई राम्रो चुनौती दिएको हो । अहिले आएर आधुनिक चिकित्सा पद्धति अनि भ्याक्सिन अर्थात् प्रतिरोधात्मक खोपहरु प्रयोग गरेर तथा यस्तो जनावरले टोकिसकेपछि पनि औषधीको मात्रा पुरा गरेर , सुई लगाएर रेविजलाई समयमै निको पार्न सकिन्छ । तर, ढिला भएमा र भाइरसले अधिक प्रभाव पारेमा भने रेविज प्राणघातक बन्न सक्छ ।

कृषि अनि जनावरपालन मानव सभ्यताका नितान्त नियमित क्रमहरू हुन् र जनावरसंगको संसर्ग अनि जनावरको बाक्लो उपस्थिति भएका वस्ती , समुदाय र संस्कारमा २० सौं शताब्दी अगावै रेविजको संक्रमण एकदमै धेरै देखिएको थियो । २०औँ शताब्दीको शुरुवातसंगै विकसित देशहरु र रेविजले धेरै प्रभावित मध्य युरोपमा रेविजको संक्रमण नाटकीय रुपमा कम हुँदै गयो । जसको मूल कारण जनचेतना र रेविजविरुद्धको खोप नै हो । अब विकसित देशहरुमा रेविजको संक्रमण नगण्य छ तथापि हाम्रो जस्तो विकासोन्मुख देशमा रेविजको संक्रमण छिटपुट रुपमा भएपनि देखिंदै, सुनिँदै आएको छ । नेपालका मुख्य मुख्य शहरहरु लगायत शक्तिकेन्द्र राजधानीमा समेत छाडा कुकुरहरु हरेक चोक र चौराहमा पाइन्छन् । यी कुकरहरुको अब्यवस्थित उपस्थितिले मान्छेलाई टोकेर घाइते बनाउने त्रास र त्योसंगै रेविज संक्रमणको संभावना पनि उत्तिकै बढाएको छ । यस वर्षको रेबिज दिवसको नारा च्बदष्भकः इलभ ज्भबतिज, श्भचय म्भबतजक रहेको छ । सबैको स्वास्थ्यमा एकरुपता र रेबिजबाट हुने मृत्युलाई शुन्य बनाउन यस वर्षको उद्धेश्य रहेको छ ।

सेप्टेम्वर २८ विश्वभरि 'रेबिज विरुद्धको दिवस'को रुपमा विभिन्न जनचेतनामुलक कार्यक्रमहरु गरेर रेबिजका बारेमा यसको रोकथाम अनि यसबाट बच्न अपनाइने सुरक्षाका उपायहरूका बारेमा जानकारी आदानप्रदान गरेर मनाइने दिन हो । सरकारी स्वास्थ्य चौकीमा रेबिज विरुद्धको खोप अनि रेबिज भाइरस शरीरमा प्रवेश गरिसकेपछि लगाइने पोस्ट एक्पोजर अफ प्रोपिलाइसिस अर्थात पिइपि इन्जेक्शनलाई अझै सहज रूपमा उपलब्धताका लागि सम्बन्धित निकाय र सरोकारवालाहरूले ध्यान दिन जरूरी छ ।

**रेबिज दिवसको पृष्ठभूमि**

सेप्टेम्वर २८ फ्रान्सका माइक्रो बायोलोजिस्ट लुइस पास्चरले मृत्युवरण गरेको दिन पनि हो र उनले रेविज विरुद्धको खोप पत्ता लगाएर धेरै जनाको ज्यान जोगाउन उनले गरेको अध्ययन, मिहिनेतका लागि उनको सम्झना गर्ने गरिन्छ । यस वर्षको 'रेविज विरुद्धको दिवस'को नारा जनचेतना , खोप र उन्मुलन भन्ने रहेको छ । तपाईं-हामीले पनि पालेको जनावर र विशेषगरि कुकुरलाई समयमैं रेविज विरुद्धको खोप लगाइदिन जरुरी छ । यदि लगाइसकेको भए पनि अन्य संक्रमित जनावरहरुसंग उनीहरुको सम्पर्क र संसर्ग नहोस् भन्ने कुरामा विशेष सचेतना हुनु आवश्यक देखिन्छ । यसरी संसारभर रेविजरहित समाजको स्थापनार्थ एकताका लागि भेला हुने मान्छेहरु सबैजना तपाई-हामी जस्तै हुन् । यो संक्रमणको जोखिममा हामी जो कोही पर्न सक्छौं । तसर्थ ध्यान पुर्‍याउन जरुरी छ । आजको दिन रेविजबाट हुनसक्ने सक्रमण संभावना अनि स्वास्थ्य सुरक्षा तथा सेवाहरु , उपचारात्मक र निरोधात्मक विधि सम्बन्धमा हामी सबै संगै भएर जागरुक भएमा रेविजलाई संसारबाटै उन्मूलन गर्न सकिन्छ । रेविज मात्र नभई कोभिड लगायत अन्य थुप्रै भाइरस र जीवाणु किटाणुसंग लड्न विश्वमा ऐक्यवद्धताको खाँचो छ, सर्वे सन्तु निराभया ।

# सिम्रिक साकोसको इकाइगत साधारणसभा शुरु



झापा(प्रस) । झापाको अग्रणी सहकारी संस्थाहरुमध्येको एक विर्तामोड-४ स्थित सिम्रिक बचत तथा ऋण सहकारी संस्थाले १२ औं साधारणसभाको इकाईगत भेला मंगलबारदेखि शुरु गरेको छ । संस्थाले सदरमुकाम भद्रपुरबाट १२ औं साधारणसभा शुरु गरेको हो । संस्थाका अध्यक्ष सुवास भट्टराईको अध्यक्षतामा आयोजित साधारणसभाको उद्घाटन भद्रपुर नगरपालिकाकी उपप्रमुख राधा कार्कीले गरेकी थिइन् । संस्थाका सचिव इन्द्रबहादुर कार्कीले सञ्चालन गरेको साधारणसभामा स्वागत गर्दै संस्थाका कार्यकारी प्रमुख कमलबहादुर बस्नेतले संस्थाको समग्र अवस्थाको बारेमा जानकारी दिएका थिए । आर्थिक मन्दीका कारण बैंक तथा वित्तीय संस्थाहरुमा लगानी ह्वात्तै घटेको अवस्थामा पनि आ. व. ०७८/०७९ मा सिम्रिक साकोसको वित्तीय प्रगति सुखद रहेको बस्नेतको भनाइ थियो ।

समारोहमा अध्यक्ष भट्टराईले संस्थाको आ. व. ०७८/०७९ को वार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गरेका थिए । प्रतिवेदन अनुसार सिम्रिक साकोसले आ. व. ०७८/०७९ सम्ममा शेयर सदस्य संख्या ५१४३६ पुगेको छ । यस्तै, शेयरपूँजी ३१ करोड ८३ लाख ९८ हजार ८०० रुपैयाँ पुगेको छ भने संस्थाले यस वर्ष ५ करोड ८४ लाख ३६ हजार ९६० रुपैयाँ नाफा गरेको छ । साकोस ५ लाख तीन हजार उनन्तीस रुपैयाँ नाफा कमाउन सफल भएको छ ।

सदस्यकेन्द्रित सुविधाजनक आर्थिक योजनाहरु सञ्चालन गर्दै आएको संस्थाले आ. व. ०७८-०७९ मा विभिन्न शीर्षकमा संस्थाले सदस्यहरुलाई एक करोड ३३ लाख चार हजार ४६० रुपैयाँ राहत रकम उपलब्ध गराएको संस्थाको जोखिम विभागका अधिकृत विजय बस्नेतले जानकारी दिए । झापा, मोरङ र इलाममा गरी ४७ सेवाकेन्द्रमार्फत सदस्यहरुलाई वित्तीय तथा सामाजिक सेवा पुऱ्याइरहेको संस्थाले क्षेत्रगत रुपमा इकाईस्तरीय साधारणसभा सम्पन्न गर्दै प्रतिनिधि छनोट गर्दै असोज २९ गते बिर्तामोडमा अन्तिम साधारणसभा सम्पन्न गरी माइन्यूट प्रमाणीकरण गर्ो कार्यतालिका रहेको अध्यक्ष भट्टराईले जानकारी दिए ।

बडा दशैंको शुभकामना
नेपालीहरूको महान चाड बडादशैं, तिहार, नेपाल सम्वत तथा छठ पर्व २०७९ को सुखद अवसरमा देश तथा विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरूमा सुख, शान्ति, सुस्वास्थ्य, दिर्घायु र समृद्धिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
हिमालकुमार चम्लागाई, अध्यक्ष
नारायणकुमार चम्लागाई, सचिव
झापा गाउँपालिका २ नं वडा कार्यालय परिवार
झापा

बडा दशैंको शुभकामना
नेपालीहरूको महान चाड बडादशैं, तिहार, नेपाल सम्वत तथा छठ पर्व २०७९ को सुखद अवसरमा देश तथा विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरूमा सुख, शान्ति, सुस्वास्थ्य, दिर्घायु र समृद्धिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
सबीचन्द्र ठाकुर, अध्यक्ष
रामजी अधिकारी, सचिव
झापा गाउँपालिका ७ नं वडा कार्यालय परिवार
झापा

बडा दशैंको शुभकामना
नेपालीहरूको महान चाड बडादशैं, तिहार, नेपाल सम्वत तथा छठ पर्व २०७९ को सुखद अवसरमा देश तथा विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरूमा सुख, शान्ति, सुस्वास्थ्य, दिर्घायु र समृद्धिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
नविनकिशोर थापा, अध्यक्ष
पूर्णचन्द्र मैनाली, सचिव
झापा गाउँपालिका ६ नं वडा कार्यालय परिवार
झापा

बडा दशैंको शुभकामना
नेपालीहरूको महान चाड बडादशैं, तिहार, नेपाल सम्वत तथा छठ पर्व २०७९ को सुखद अवसरमा देश तथा विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरूमा सुख, शान्ति, सुस्वास्थ्य, दिर्घायु र समृद्धिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
महमद ताहिर, अध्यक्ष
प्रतिमा रिमाल, सचिव
झापा गाउँपालिका ४ नं वडा कार्यालय परिवार
झापा

बडा दशैंको शुभकामना
हिन्दु नेपालीहरूको महान चाड बडादशैं, तिहार, नेपाल सम्वत तथा छठ पर्व २०७९ को सुखद अवसरमा स्वदेश एवम् विदेशम रहनु हुने सम्पूर्ण नेपालीहरूमा सुख, शान्ति, सुस्वास्थ्य, दिर्घायु र समृद्धिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
नारायणकुमार चम्लागाई, सचिव
राजकुमार यादव, अध्यक्ष
झापा गाउँपालिका १ नं वडा कार्यालय परिवार
झापा

बडा दशैंको शुभकामना
नेपालीहरूको महान चाड बडादशैं, तिहार, नेपाल सम्वत तथा छठ पर्व २०७९ को सुखद अवसरमा देश तथा विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरूमा सुख, शान्ति, सुस्वास्थ्य, दिर्घायु र समृद्धिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
सुवासलाल गणेश, अध्यक्ष
शैलेन्द्र उप्रेती, सचिव
झापा गाउँपालिका ३ नं वडा कार्यालय परिवार
झापा

बडा दशैंको शुभकामना
हिन्दु नेपालीहरूको महान चाड बडादशैं, तिहार, नेपाल सम्वत तथा छठ पर्व २०७९ को सुखद अवसरमा उद्योगी व्यवसायी तथा स्वदेश एवम् विदेशम रहनु हुने सम्पूर्ण नेपालीहरूमा सुख, शान्ति, सुस्वास्थ्य, दिर्घायु र समृद्धिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
राजेन्द्रप्रसाद अग्रवाल, अध्यक्ष
लक्ष्मी गणेश, उपाध्यक्ष
मोहन मिश्र, सचिव
चेम्बर अफ कमर्स परिवार
झापा गाउँपालिका-२

## बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय
१ नं. प्रदेशको

### १५ दिने सूचना

सधियार पश्चिमः श्यामकुमार पोखरेलको नाममा जारी गरिएको ।

साविक अनारमनी गाविस वडा नं. ८ हाल बिर्तामोड नगरपालिका, वडा नं. ३ बस्ने श्री सिता राईले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन निर्माण, नक्सा पास तथा निर्माण कार्यको अनुमति पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दावी विरोध नभए कानुन बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ ।

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सूचना प्रकाशित मिति | सर्जमिन मिति |
|---|---|---|---|---|---|---|
| बिर्तामोड नपा-३ | १७९/ ५९.०५ | ११९ | ११८.५१ | ७९८००० ०००६ | २०७९/ ०४/१७ | २०७९/ ०५/०४ |

## बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय
१ नं. प्रदेशको

### १५ दिने सूचना

सधियार पूर्वः श्री नर प्रसाद सेलवाल, पश्चिमः उद्धव शिवाकोटीको नाममा जारी गरिएको ।

साविक अनारमनी गाविस वडा नं. १ हाल बिर्तामोड नगरपालिका, वडा नं. १ बस्ने श्री शिवप्रसाद संग्रौलाले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन निर्माण, नक्सा पास तथा निर्माण कार्यको अनुमति पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दावी विरोध नभए कानुन बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ ।

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सूचना प्रकाशित मिति | सर्जमिन मिति |
|---|---|---|---|---|---|---|
| बिर्तामोड नपा-१ | १ | १२३३ | ३३८.६३ | ७९८००० ००१२ | २०७९/ ०५/०७ | २०७९/ ०६/०४ |

# ७५ हजार सेना परिचालन गरिँदै



झापा(प्रस)। राष्ट्रपति विद्यादेवी भण्डारीले आगामी मंसिर ४ गते हुने संघीय र प्रदेश निर्वाचनको सुरक्षाका लागि सेना परिचालन गर्ने निर्णय गरेपछि ७५ हजार सेना परिचालन हुने भएको छ ।

गृह मन्त्रालयले एकीकृत निर्वाचन सुरक्षा योजना सार्वजनिक गरेपछि अब मुलुकभरका विमानस्थल , कारागार तथा अन्य महत्वपूर्ण संरचनाको सुरक्षामा समेत सेना खटिने भएको छ। सरकारले भयरहित रूपमा निर्वाचन सम्पन्न गराउन तीनवटै सुरक्षा निकायलाई संयुक्त रूपमा परिचालन गर्ने निर्णय गरेपछि सेनाले मतदान स्थलको बाहिरी सुरक्षा गर्ने भएको छ । सरकारले निर्वाचन स्थलको सुरक्षाका लागि भित्री भागमा नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र म्यादी प्रहरीलाई खटाउने भएको छ। निर्वाचन सुरक्षाका लागि नेपाल प्रहरीले ७१ हजार ६ सय ३१ जना र १ लाख १५ हजार म्यादी प्रहरी परिचालन गर्ने नेपाल प्रहरीका प्रवक्ता प्रहरी नायव महानिरीक्षक टेकप्रसाद राईले जानकारी दिए ।

बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड , झापा
( पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)
पुर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाई गरिन्छ ।
भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस ।



प्रतिदिन
वर्गीकृत विज्ञापन

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा
PALcreation
bhadrapur road, birtamode
023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्कः
फोनः ०२३-५४०४७८
मोः ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

राम्रो छपाईको लागि हामिलाई सम्झनुहोस्
-किताब -क्यालेण्डर - बिल भौचर - पोष्टर/पम्प्लेट
- पत्रपत्रिका
- स्कुलका कपि आदि...
पोखरेल अफसेट प्रेस
अतिथि सदन उत्तर ( शनि मन्दिर छेउ)
बिर्तामोड, झापा
मोः ९८१४९७४०३२, ९८१४०४१५१३

तपाईंकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०



MANAV DENTAL HOSPITAL Pvt.Ltd. Estd:2065 ANARMANI-3,BIRTAMODE
मानव डेन्टल
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोनः ०२३-५४२६१६, मोः ९८५२६४०४०५
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान



## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

**चन्द्रगढी, भद्रपुर**
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

**दमक**
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

**मेचीनगर**
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे : ९८१५९५०१५०

**उर्लाबारी**
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आईः ०२१-५२५६१०

**इलाम, मंगलबारे**
रणवीर लिम्बू
९८१६९८४७५७

**काकँरभिट्टा**
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

**झापा बजार**
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** — सामूहिक तथा रमाइलो सफल यात्रा हुनेछ । ठीक समयमा सही निर्णय लिन सकिनेछ

**वृष** — भाग्यले विभिन्न अवसर जुराउनेछ । कला, साहित्य तथा सङ्गीतमा रुचि बढ्नेछ ।

**मिथुन** — रोकिएका काम पूरा हुन सक्छ । धार्मिक क्षेत्रको भ्रमण हुनसक्छ ।

**कर्कट** — आज स्वास्थ्यमा खर्च बढ्नेछ । यात्रामा मालसामान हराउन सक्छ ।

**सिंह** — धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ । नयाँ काम सुरु गर्ने समय छ ।

**कन्या** — लगनशीलताले अवसर दिलाउनेछ । आर्थिक क्षेत्रमा राम्रो सफलता मिल्नेछ।

**तुला** — स्वादिष्ट भोजनको विशेष अवसर मिल्नेछ । सवारीसाधन खरिद गर्ने योग छ ।

**वृश्चिक** — स्वास्थ्यसम्बन्धी चिन्ता बढ्नेछ । सामान हराउने वा चोरी हुने सम्भावना छ ।

**धनु** — घरमा अतिथिको आगमन हुनेछ । साथीभाइले पनि राम्रै सहयोग जुटाउनेछन्

**मकर** — महत्वपूर्ण कामको थालनी हुनेछ । परिश्रमअनुसार उपलब्धि पनि राम्रै

**कुम्भ** — आज अरुलाई प्रभावित पारेर काम बन्नेछ । रोकिएको धन हात पर्ला ।

**मिन** — आज अनावश्यक काममा धन लगानी गर्नु पर्नेछ, सकेसम्म जोगिनुहोला ।